"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET

वर्ष ७ अङ्क ३ (२०८२ चैत्र- २०८३ असार)

## यस अंकमा................


- संघीयता सवलीकरण, संविधान संशोधन: गण्डकी प्रदेशको भूमिका र आगामी कार्यदिशा विषयक नीति संवाद कार्यक्रम सम्पन्न
- कर्मचारीहरुका लागि तीस कार्यदिने सेवाकालिन तालिम सञ्चालन
- लागत साझेदारीमा LGPAS अभिमुखीकरण सम्पन्न
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक खरिद तालिम
- जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम
- "संघीयता सबलीकरणमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका" विषयक नीति संवाद
- पोखरा विश्वविद्यालयसँगको समन्वयमा क्षमता विकास कार्यक्रम
- स्थानीय तहको वडा समितिलाई सहभागितामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम
- लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको ISO सम्बन्धी सिकाई भ्रमण
- सहकारी व्यवस्थापन सम्बन्धी अनुशिक्षण
- सेवा अन्तर आवद्धता सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर
- स्थानीय आर्थिक विकास सम्बन्धी तालिम सम्पन्न
- सूचना प्रबिधि अधिकृतहरुका लागि क्षमता विकास कार्यक्रम
- रुपान्तरित नेतृत्व विकास र अपांगमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धि तालिम सम्पन्न
- गुण व्यवस्थापन प्रणाली (Quality Management System) सम्बन्धी कार्यशाला सम्पन्न
- सुरक्षित श्रम आप्रवासन सम्बन्धी तालिम सम्पन्न
- सुरक्षित श्रम आप्रवासन सम्वन्धी तिन दिने आधारभुत तालिम
- कार्यपालिका सदस्यहरुका लागि वित्तीय उत्तदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न


## संघीयता सवलीकरण, संविधान संशोधन: गण्डकी प्रदेशको भूमिका र आगामी कार्यदिशा विषयक नीति संवाद कार्यक्रम सम्पन्न




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजना र मुख्य न्यायधिवक्ताको कार्यालय-गण्डकी प्रदेशको सहकार्यमा "संघीयता सवलीकरण, संविधान संशोधन: गण्डकी प्रदेशको भूमिका र आगामी कार्यदिशा " विषयक नीति सम्वाद कार्यक्रम मिति २०८३ असार ८ गते सम्मपन्न भएको थियो। गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पूर्व मुख्यमन्त्रि माननीय खगराज अधिकारी, प्रदेशका सभामुख माननीय कृष्ण प्रसाद धितालको सहभागीता रहेको कार्यक्रमको अवधारणा पत्र मुख्य न्यायधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा संविधान संशोधनका विविध पक्षमा समुहगत रुपमा छलफल गरिएको थियो । कार्यक्रममा प्रदेश सभाका माननियहरु, न्यायिक क्षेत्रका पेशाकर्मीहरु, राजनितिज्ञहरु, प्राध्यापकहरु, स्थानीय तह तथा जिल्ला समन्वय समितिका प्रतिनिधिहरु गरि जम्मा २१२ जनाको सहभागीता रहेको थियो ।

## कर्मचारीहरुका लागि तीस कार्यदिने सेवाकालिन तालिम सञ्चालन



गण्डकी प्रदेशमा संघ, प्रदेश र स्थानीय तहका कार्यालयहरुमा कार्यरत खरिदार तथा सहायकस्तर (चौथो तह) का कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले "कार्यालय सञ्चालन तथा व्यवस्थापन" विषयक ३० कार्यदिने सेवाकालीन तालिम मिति २०८२ साल चैत्र १६ गतेदेखि २०८३ साल वैशाख २८ गतेसम्म सञ्चालन भएको थियो। तालिममा ६ जना महिला सहित कुल ३० जना सहभागीहरु दीक्षित भएका थिए।

## स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक खरिद तालिम

सार्वजनिक खरिद प्रक्रियालाई विधिसंगत, व्यवस्थित, प्रभावकारी, मितव्ययी र पारदर्शी बनाई कार्यालयको कामकार्वाही र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने उद्धेश्यले मिति २०८२ चैत्र १० देखि १२ गते सम्म सार्वजनिक खरिद सम्वन्धि तालिम पोखरामा सम्पन्न भएको थियो । गण्डकी प्रदेशका ३८ वटा गाउँपालिकामा कार्यरत अधिकृत र सहायकस्तरका कर्मचारीहरुको सहभागिता रहेको थियो, जसमा ५ जना महिला सहित ३८ जनाको सहभागीता रहेको थियो ।



## गाउँपालिकासँगको लागत साझेदारीमा LGPAS अभिमुखीकरण सम्पन्न

क्व्होलासोथार गाउँपालिकाको आयोजना तथा प्रतिष्ठानको सहजीकरणमा मिति २०८२ चैत्र ८ र ९ गते स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली सम्वन्धि दुई दिने अभिमुखीकरण कार्यक्रम क्व्होलासोथार गाउँपालिकाको सभा हलमा सम्पन्न भएको थियो । कार्यक्रममा ४३ जना कर्मचारी र जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।




## जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम




मिति २०८२ चैत्र १९ र २० गते प्रतिष्ठानको आयोजनामा ११ वटै जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीको लागि क्षमता विकास कार्यक्रम सम्पन्न भएको थियो। ३९ जनाको सहभागिता रहेको कार्यक्रममा जिल्ला समन्वय समितिको क्षेत्राधिकार र कर्तव्यहरूका बारेमा छलफल गरिएको थियो।

## पोखरा विश्वविद्यालयसँगको समन्वयमा क्षमता विकास कार्यक्रम

पोखरा विश्वविद्यालय-स्कुल अफ इन्जिनियरिङ्गको आयोजना र प्रतिष्ठानको सहजिकरणमा पोखरा विश्वविद्यालयमा मिति २०८३ वैशाख ३ र ४ गते क्षमता विकास तालिम सम्पन्न भएको थियो। तालिममा ३० जना भन्दा बढी प्राध्यापक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।




## "संघीयता सबलीकरणमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका" विषयक नीति संवाद




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको ७ औं स्थापना दिवसको अवसरमा संघीयता सबलीकरणमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका विषयमा नीति संवा कार्यक्रम मिति २०८२ चैत्र २५ गतेसम्पन्न भएको थियो । कार्यक्रममा संघीयताको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरमा अनुसन्धानको आवश्यकता र क्षमता विकासमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयमा अर्थपूर्ण र खुला छलफल भएको थियो।

## लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको ISO सम्बन्धी सिकाई भ्रमण



लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानले मिति २०८३ असार २१ गते ISO सम्बन्धी सिकाई ग्रहण गर्ने उदेश्यले प्रतिष्ठानको भ्रमण गरेको थियो । सिकाई आदान प्रदान कार्यक्रमको सहजिकरण कार्यकारी निर्देशक सुरेन्द्रवावु तिवारी, निर्देशक सुजन नेपालले गर्नुभएको थियो।

## सूचना प्रबिधि अधिकृतहरुका लागि क्षमता विकास कार्यक्रम दोस्रो र तेस्रो क्लष्टर सम्पन्न)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा गोरखा, तनहुँ र नवलपरासी (ब.सू.पूर्व) का स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरुका लागि मिति २०८३ वैशाख २० देखी २४ तनहुँको बन्दीपुर मा दोस्रो क्लष्टरको तालिम सम्पन्न भएको थियो भने पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङ जिल्लाका स्थानीय तहका सूचना प्रविधि अधिकृतहरुका लागि तेस्रो क्लष्टरको रुपमा मिति २०८३ जेठ २५ देखि २९ सम्म वेनी नगरपालिकाको तालिम हलमा सम्पन्न भएको थियो। दोस्रो क्लष्टरमा २८ र तेस्रो क्लष्टरमा २५ जनाको सहभागिता रहेको थियो।



## स्थानीय तहको वडा समितिलाई सहभागितामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम




भानु नगरपालिका तनहुँ, राइनास नगरपालिका लमजुङ, सिरानचोक गाउँपालिका गोरखा र काठेखोला गाउँपालिका बागलुङमा २०८३ बैशाख र जेष्ठ महिनामा सहभागीतामुलक योजना तर्जुमा तालिम सम्पन्न भएको थियो। तालिममा सहभागीतामुलक योजना तर्जुमा प्रक्रियाको व्यवहारिक र सैद्धान्तिक पक्ष र अनुगमन तथा मूल्याङ्कनको विषयमा सहजिकरण गरिएको थियो। तालिममा १५२ जना जनप्रतिनिधि तथा कर्मचारीहरु सहभागि भएका थिए।

## सहकारी व्यवस्थापन सम्बन्धी अनुशिक्षण



सहकारी संस्थाहरूको सुशासन, पारदर्शिता र व्यवस्थापन क्षमता सुदृढ गरी दिगो, जिम्मेवार र प्रभावकारी बनाउने उद्देश्यले Co-operatives Manager's Club सँगको समन्वयमा मिति २०८३ वैशाख ०५ गते पोखरामा सहकारी व्यवस्थापन सम्बन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन भएको थियो। सहकारीका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रमलाई सहकारी क्षेत्रका विषयगत विशेषज्ञहरुले सहजीकरण गरेका थिए।

## सेवा अन्तर आवद्धता सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर




राष्ट्रिय किताबखाना र प्रतिष्ठान बीच सेवा अन्तरआवद्धता सम्बन्धी समझदारी पत्रमा मिति २०८३ वैशाख ११ गते समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो। समझदारी पत्रमा किताबखानाका महानिर्देशक श्रवण कुमार पोख्रेल र प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले हस्ताक्षर गर्नुभएको थियो। सम्झौता पश्चात प्रतिष्ठानले आयोजना गरेको तालिममा सहभागी हुने कर्मचारीहरुको विवरण PIS portal मा अद्यावधिक हुनेछ।

## स्थानीय आर्थिक विकास सम्बन्धी तालिम सम्पन्न




प्रतिष्ठानको आयोजनामा स्थानीय आर्थिक विकासका सम्भावनाको खोज, योजना निर्माण र कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने उदेश्यले बागलुङ नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि स्थानीय आर्थिक विकाससम्बन्धी तालिम मिति २०८३ वैशाख १६ देखि १८ सम्म सम्पन्न भएको थियो। तालिममा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

## न्यायिक सहजकर्ताहरुका लागि क्षमता अभिवृद्धि तथा आत्ममूल्याङ्कन कार्यशाला

बागलुङ, पर्वत, मुस्ताङ र म्याग्दीका स्थानीय तहहरुमा कार्यरत न्यायिक सहजकर्ताहरुका लागि मिति २०८२ चैत्र ८ र ९ गते पोखरामा दुई दिने क्षमता अभिबृद्धि तालिम सम्पन्न भयो। तालिममा न्यायीक समितिको काम कर्तव्य र अधिकार, अन्य निकायसँगको अन्तरसम्बन्ध, GEDSI मैत्री न्याय निरुपण र कानुन निर्माण, मेलमिलाप र निर्णय लेखन प्रकृयाका विषयमा सहजिकरण गरिएको थियो। कार्यक्रममा ५ जना महिला सहित २० जना सहभागी थिए।



## रुपान्तरित नेतृत्व विकास र अपांगमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धि तालिम सम्पन्न

कार्यपालिका सदस्यहरुको नेतृत्व क्षमता अभिवृद्धि गर्दै स्थानीय तहको नीति, योजना, बजेट तथा सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने उदेश्यले मिति २०८३ जेठ १९ देखि २१ सम्म स्थानीय तहको जनप्रतिनिधिहरुका लागि रुपान्तरित नेतृत्व विकास तथा अपाङ्गतामैत्री स्थानीय शासन तालिम पोखरामा संचालन भएको थियो। तालिममा १८ जना महिला सहित ३१ जनाको सहभागीता रहेको थियो।




## गुण व्यवस्थापन प्रणाली (Quality Management System) सम्बन्धी कार्यशाला सम्पन्न



प्रतिष्ठानमा गुण व्यवस्थापन प्रणालीमा आधारित चार दिने Internal Auditor Training मिति २०८३ आषाढ १० गते देखि १३ गते सम्म सम्पन्न भएको थियो। सहभागीहरूले ISO 9001:2015 मापदण्डले तोके वमोजिम आन्तरिक लेखा परिक्षण सम्बन्धी व्यावहारिक ज्ञान तथा सीप हाँसिल गरेका थिए। तालिमका १४ जना सहभागिहरुले भाग लिएका थिए।

## सुरक्षित श्रम आप्रवासन सम्वन्धी तालिम (ESC)




रोजगार सेवा केन्द्रमाकार्यरत संयोजक तथा सहायकलाई सुरक्षित आप्रवासनको अवधारणा, प्रकृया र स्थानीय तहको भुमिका वारे जानकारी गराई प्रदान गर्ने सेवा गुणस्तरिय तथा प्रभावकारी बनाउने उद्देश्यले मिति २०८३ जेठ १३ देखि १५ गते सम्म सुरक्षित श्रम आप्रवासन सम्वन्धी आधारभुत तालिम पोखरामा सञ्चालन भएको थियो। बागलुङ, पर्वत, कास्की र नवलपुर का स्थानीय तहमा कार्यरत ५ जना महिला सहित २६ जनाको सहभागीता रहेका थियो।

## सुरक्षित श्रम आप्रवासन सम्बन्धी तालिम सम्पन्न (MRC)




आप्रवासी स्रोत केन्द्र तथा उपकेन्द्रमा कार्यरत कर्मचारीहरूको प्राविधिक तथा परामर्श क्षमता अभिवृद्धि गरि यथार्थ, अद्यावधिक र गुणस्तरीय सूचना तथा परामर्श सेवा प्रदान गर्न सक्षम बनाउने उद्देश्यले मिति २०८३ जेठ १५ देखि १७ सम्म सुरक्षित श्रम आप्रवासन सम्बन्धी तालिम सम्पन्न भएको थियो। उक्त तालिममा २१ जनाको सहभागिता रहेको थियो।

## कार्यपालिका सदस्यहरुका लागि वित्तीय उत्तदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न




स्थानीय तहको काम कार्वाहीमा आर्थिक कार्यविधि कानूनको परिपालना गर्दै मितव्ययिता, पारदर्शिता र जवाफदेहिता सुनिश्चितता गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउने उद्देश्यले स्थानीय तहका कार्यपालिका सदस्यहरुलाई मिति २०८३ चैत्र १६ र १७ गते पोखरामा वित्तीय उत्तदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धि तालिम तालिम सम्पन्न भएको थियो। तालिममा ११ जना महिला सहित २४ जना जनप्रतिनिधीहरुको सहभागीता रहेको थियो।

## प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रम र प्रशिक्षित संख्या

| विषय क्षेत्र | आ.व ०८२/८३ | हालसम्म |
|---|---|---|
| सेवाकालीन तालिम | ४ | २८ |
| सेवा प्रवेश तालिम | ७ | ११ |
| अन्य तालिम | ४३ | ५३५ |
| तालिम सामग्री निर्माण | १ | ८ |
| सवाल केन्द्रित संवाद | ३ | १६ |
| अनुसन्धान | १ | ५ |
| स्थानीय तहको आवधिक योजना निर्माण | ० | ४६ |
| स्थानिय तहको क्षमता विकास योजना | ० | ४९ |
| स्थानीय तहको राजश्व सुधार योजना | ० | ६२ |
| स्थानीय तहको लैससास रननीति | ० | ६८ |
| कार्यसञ्चान कार्यविधि | ० | ४ |
| **हालसम्म जम्मा प्रशिक्षार्थी** | | **२२१५१** |

**सम्पादन मण्डल**

संयोजक : सुजन नेपाल, निर्देशक
सदस्यहरु : भिम बहादुर वि.क, तालिम समन्वय बिश्लेषक (PLGSP)
प्रशान्त पौड्याल, शाखा अधिकृत
सुवर्ण आचार्य, सूचना प्रविधि सहायक